महाभारत गाउँपालिका

ཨཨ། མ་དཱ་ཧ་ར་ཏ་ གཞུ་པ་ལི་ཀཱ།

गाउँ कार्यपालिकाको कार्यालय

देविटार, काभ्रेपलाञ्चोक ।

वार्षिक समिक्षा कार्यक्रम प्रतिवेदन

आ.व. २०८१।०८२

महाभारत गाउँपालिका

देविटार, काभ्रे ।

आ.व. २०८१।०८२ को बार्षिक समिक्षा कार्यक्रम

कार्यसूची विवरण

मिति३१/०५/२०८२:

क्र.स	विवरण	समय	जिम्मेवारी	कैफियत
१	सुभारम्भ आसनग्रहण अध्यक्षता : गा.पा. अध्यक्ष, कान्छालाल जिम्वा उपाध्यक्षः सागर मोक्तान अतिथि आशनग्रहण १. प्रवक्ता २. शाखा प्रमुख सबै ३. वडा अध्यक्षहरु सबै ४. का.पा सदस्य सबै ५. कर्मचारीहरु सबै ६. सुरक्षाकर्मी	१:०० बजे	कार्यक्रम सञ्चालक	
२	१. राष्ट्रिय गाना २. सभाध्यक्षबाट व्यानर बाचन गरी शुभारम्भ	१:१० —१:१५	डेन्साङ सर	
	स्वागत मन्तव्य	१:१५ -१:२०		
४	**प्रस्तुतिकरण** १. गाउँपालिका २. पूर्वाधार विकास शाखा ३. शिक्षा शाखा ४. स्वास्थ्य शाखा/महिला बालबालिका	(प्रत्येक प्रस्तुति ५ मिनेट)	प्र.प्र.अ प्रकाश खड्का जन्मराज शर्मा संगीता लामा	

	५. आर्थिक प्रशासन ६. पशु शाखा ७. प्रशासन/अनुगमन ८. न्यायिक शाखा ९. रोजगार शाखा १०.विपद व्यवस्थापन ११.पञ्जीकरण १२.ल.उ.वि.स १३.वडा नं १ १४.वडा नं.२ १५.वडा नं.३ १६.वडा नं.४ १७. वडा नं ५ १८.वडा नं ६ १९.वडा नं ७ २०. वडा नं ८	५ मिनेट	लक्ष्मीराज जोशी बाल कुमार लुङ्गेली दिनेश बस्नेत तुलसी आले दोर्जे थिङ रविन मोक्तान सुवास दोर्जे लामा चेत कुमार सारु सन्जय जिम्बा डम्बार बल रविना लामा टेक बहादुर भट्टराई सुवास जिम्बा चक्र कुँवर धर्मराज ढकाल दिनेश अस्तानी	
	संक्षिप्त मन्तव्य		१ प्रवक्ता २ उपाध्यक्ष ३ अध्यक्ष	समाप्त

आज मिति २०८२ साल भदौ महिनाको ३१ गतेका दिनमा महाभारत गाउँपालिकाको गत आ.व को वार्षिक समिक्षा कार्यक्रम महाभारत गाउँपालिकाको अध्यक्ष श्री कान्छालाल जिम्वा ज्यु को अध्यक्षता बसि शाखागत, वडागत सबैको वार्षिक प्रगति विवरण प्रतिवेदन प्रस्तुत गरि तपशिल बमोजिमको उपस्थितिमा सु-सम्पन्न गरियो ।

उपस्थितिहरुः

१	श्री कान्छालाल जिम्बा	अध्यक्ष	
२	श्री सागर मोक्तान	उपाध्यक्ष	
३	श्री कान्छामान जिम्बा	१ नं. वडा अध्यक्ष	
४	श्री पदम बहादुर मोक्तान	२ नं. वडा अध्यक्ष	
५	श्री करसाङ लामा	३ नं. वडा अध्यक्ष	
६	श्री विशाल मोक्तान	४ नं. वडा अध्यक्ष	
७	श्री विजय राना मगर	५ नं. वडा अध्यक्ष	
८	श्री रमेश कुमार लुङ्गेली	६ नं. वडा अध्यक्ष	
९	श्री खडक्क बहादुर श्रेष्ठ	७ नं. वडा अध्यक्ष	
१०	श्री टंक बहादुर आले	८ नं. वडा अध्यक्ष	
११	श्री सानु कामी	कार्यपालिका सदस्य	
१२	श्री सुभद्रा माझी	कार्यपालिका सदस्य	
१३	श्री पुर्ण बहादुर दमाई	कार्यपालिका सदस्य	
१४	रेग्मी श्रेष्ठ	कार्यपालिका सदस्य	
१५	विकु माया श्रेष्ठ	कार्यपालिका सदस्य	
१६	सुन्दरी माया तामाङ	कार्यपालिका सदस्य	
१७	श्री राम बहादुर तामाङ	प्र.प्र.अ	
१८	हरि सिंह विष्ट	सि.अ.हे.व	
१९	दिनेश बस्नेत	अधिकृत छैटौं	
२०	रविन मोक्तान	रोजगार संयोजक	
२१	ज्योती थापा मगर	सू.प्र.अ.	

२२	लक्ष्मी राज जोशी	लेखापाल	
२३	जन्मराज शर्मा	~~प्रा.स~~ (अधिकृत)	
२४	प्रकाश खड्का	स.ई	
२५	खिम बहादुर डाँगी	कृषि प्राविधिक	
२६	संगीता लामा	सि.अ.न..मी	
२७	हेमन्त न्यौपाने	आ.ले.प	
२८	बालकुमार लङ्गेली	पशु प्राविधिक	
२९	बिशाल राई	पशु प्राविधिक	Bisal Rai
३०	मनोज कुमार जोशी	स.ई	
३१	आकाश पंगेनी	कृषि प्राविधिक	
३२	सुन्दर चौधरी	अ.स.ई	
३३	भीम जिम्बा	क.अ.	
३४	नवराज राना	अ.स.ई	
३५	दोर्जे थिङ	रोजगार सहायक	
३६	सुवास दोर्जे लामा	एम.आ.ई.एस.अपरेटर	
३७	तुलसी आले	न्यायिक सहजकर्ता	
३८	धर्मराज ढकाल	वडा सचिव	
३९	चेत कुमार सारु मगर	उ.वि.स	
४०	गायत्री आले मगर	स.क.अ	
४१	डेन्साङ योञ्जन	एम.आ.ई.एस.फिल्ड सहायक	
४२	खिल बहादुर आले मगर	एम.आ.ई.एस.फिल्ड सहायक	
४३	टेकराज भट्टराई	वडा सचिव	
४४	सञ्जय जिम्बा	स.क.अ	
४५	दिनेश अस्तानी	स.क.अ	
४६	रविना लामा	स.क.अ	

४७	महेन्द्र जर्गा मगर	पशु प्राविधिक	
४८	चक्र कुँवर	स.क.अ	
४९	डम्बर बहादुर बल	स.क.अ	
५०	सुवास जिम्वा	स.क.अ	
५१	रञ्जीत लुंगेली	का.स	
५२	सन्ध्या माझी	का.स	
५३	पवन माझी	का.स	
५४	गीता माझी	का.स	
५५	विजय शाह	प्रहरी (प्र.सं.इ)	
५६.	रामजनम थारू	कृषि प्राविधिक (लेखा)	
५७.	राकेश योञ्जन	स.कृ.अ	

प्रस्तावहरुः

१. शाखागत वार्षिक समिक्षा सम्बन्धमा ।

२. वडागत वार्षिक समिक्षा सम्बन्धमा ।

निर्णयहरुः

१. यस महाभारत गाउँपालिका कार्यालयका सबै शाखाहरुले गत आ.व २०८१/०८२ को कार्यसम्पादन तथा वार्षिक प्रगति प्रतिवेदन विवरण प्रस्तुत गरि सार्वजानिक गरियो ।

२. यस महारत गाउँपालिकाको कार्यालय अन्तर्गतका ८ वटै वडाहरुले गत आ.व २०८१/०८२ को कार्यसम्पादन तथा वार्षिक प्रगति प्रतिवेदन विवरण प्रस्तुत गरि सार्वजानिक गरियो ।

महाभारत गाउँपालिकाको संक्षिप्त परिचय

कुल क्षेत्रफलः १८६ वर्ग कि.मि.

कुल जनसंख्याः १६,०७९(२०७८ को जनगणना) र **घरपरिवार संख्याः** ३,१७४

वडा संख्याः ८ (साविकका ५ गाविसः गोकुले, फोक्सिङ्टार, घर्तिछाप, बनखु, बुढाखानी)

समुदाय/जातजातिः तामाङ, मगर, नेवार, बाहुनक्षेत्री, माझी, दलित, पहरी

शैक्षिक संस्थाहरुः

विद्यालय : ४८ वटा **सामुदायिक सिकाइ केन्द्रः** ३ वटा **साक्षरताः**७०.२९%

माविः ८ **बालविकास केन्द्रः** ३९

प्राविधिक विद्यालयः १ (कृषिः बाली विज्ञान)

स्वास्थ्य संस्थाः

अस्पतालः १(निर्माणधिन)

स्वास्थ्य संस्थाः १२

गाउँपालिकाको भौगोलिक तथा प्रशासनिक नक्सा



Copyright@MoFALD

स्थानीय तहको समग्र अवस्थाको विवरण

क्र सं	विवरण	अवस्था
१	जनशक्ति व्यवस्थापन	क. जम्मा स्वीकृत दरबन्दीः ९१ पदपर्तिः ६४ रिक्तः२७ ख. हाल कार्यरत जम्मा जनशक्तिः ६४ स्थायीः २२ करारः४२ जना ग. स्थानीय तहले O&M सर्वेक्षण गरी प्रतिवेदन स्वीकृत भएको
२	प्रशासकीय भवन र पहुँच	क. प्रमुख प्रशासकीय भवनः बनेको ख. आफ्नै वडा कार्यालयः भएको वडा संख्याः ८ वटा ग. वडा केन्द्रसम्म सडक पुगेको संख्याः ८ वटा
३	कानून निर्माणको अवस्था	क. ऐनको संख्याः ९ ख. नियमावली संख्याः३ ग.कार्यविधि/मापदण्ड/निर्देशिका संख्याः३७

9/23/2025
Mahabharat Rural Municipality, Kavre

स्थानीय तहको समग्र अवस्थाको विवरण

क्र सं	विवरण	अवस्था
४	विभिन्न योजना तथा दस्तावेज निर्माणको अवस्था	क आवधिक योजनाः बनेको दोस्रो ख मध्यमकालीन खर्च संरचनाः बनेक(२०८२/८३-२०८४/८५) ग स्थानीय बस्तुस्थिति विवरणः बनेको/२०८१ घ भू- उपयोग योजनाः बन्न बाँकी रहेको ङ स्थानीय भवननिर्माण मापदण्डः च. राजश्व सुधार कार्ययोजनाः छैन छ आन्तरिक नियन्त्रण प्रणालीः बनेको
५	स्थानीय तहको मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको प्रयोग	क. संस्थागत स्वःमूल्याङ्कनको प्राप्ताङ्कः ६६.५ ख.वित्तीय सुशासन जोखिम मूल्याङ्कनः ७७.५ ग. मन्त्रालयले तयार गरेको स्थानीय तहको प्रगति अनुगमन प्रणालीमा प्रविष्टिः भएको

9/23/2025
Mahabharat Rural Municipality, Kavre

स्थानीय तहको समग्र अवस्थाको विवरण

क्र सं	विवरण	अवस्था
६	न्यायिक समिति	क.दर्ता भएका उजुरी तथा गुनासो संख्याः३ वटा ख. कार्वाही र फछर्योट भएको उजुरी संख्याः ३ वटा कारवाहीमा पुनरावेदन गएका संख्याः छैन
७	बेरुजु सम्बन्धी विवरण	क.आ .व.२०८१/८२ सम्म कायम भएको कुल रकमः ० हजार
८	वातावरण तथा विपद व्यवस्थापन	क.; दमकल सेवाको उपलब्धताः नभएको ख. फोहोर प्रशोधन केन्द्रः नभएको ग. स्यानीटरी ल्याण्डफिल्ड साइटः नभएको

9/23/2025
Mahabharat Rural Municipality, Kavre

स्थानीय तहको समग्र अवस्थाको विवरण

क्र सं	विवरण	अवस्था
९	सेव प्रवाह पारदर्शिता र जवाफदेहिता	क. अनलाइन मार्फत प्रदान गरिने सेवाको संख्याः छैन ख. नागरिक वडापत्रः भएको ग. सूचना अधिकारीः तोकेको घ. गुनासो व्यवस्थापन सार्वजनिक सुनुवाइ सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षण कानूनी व्यवस्थाः सार्वजनिक सुनुवाइ कार्यविधि भएको ङ . निगरानी निकाय तथा कार्यालयमा प्राप्त उजुरी तथा गुनासो संख्याः ८ र फछर्यौट संख्याः २ वटा

9/23/2025
Mahabharat Rural Municipality, Kavre

प्रमुख पर्यटकीय गन्तव्यहरु:

- महाभारत(म्हाबर) लेक(भूमेचुली, ताराखसे, चैतेपानी)
- पाल्ले तीन तले झरना(वडा नं ८), सरदुङ मेलुङ झरना(वडा नं ४), जोर छाँगा झरना(वडा नं २)
- बनखु चौर
- देविटार
- कोखाजोर खोला
- बनखु खोला
- बेतिनी लेक
- गोकुले धाप
- आहाले बाँसपुर
- गोपेडाँडा कोन्ज्योसोम बुद्धपार्क
- हजार सिंढी सल्लेनी बुद्धपार्क
- रमिते डाँडा

9/23/2025
Mahabharat Rural Municipality, Kavre

प्रचुर पर्यटकीय सम्भावना बोकेको गन्तव्यस्थल
सरदुङ मेलुङ झरना

9/23/2025
Mahabharat Rural Municipality, Kavre

प्रचुर पर्यटकीय सम्भावना बोकेको गन्तव्यस्थल पात्ले तीनतले झरना (वडा नं ८)

9/23/2025
Mahabharat Rural Municipality, Kavre

प्रचुर पर्यटकीय सम्भावना बोकेको गन्तव्यस्थल जोरछाँगा झरना (वडा नं २)

9/23/2025
Mahabharat Rural Municipality, Kavre

गाउँपालिका क्षेत्रभित्रका मौलिक उत्पादनहरु

- कफी (वडा नं २,३,४ र ५ पकेट क्षेत्र)
- अम्रेसो
- व्यावसायिक खुवा उत्पादन उद्योग(वडा नं ३ र ५)
- पीडालु
- कागती
- अदुवा
- दुध
- अलैची

9/23/2025
Mahabharat Rural Municipality, Kavre

गाउँपालिकाको उपलब्धिहरु

सि नं	कार्यसम्पादन सूचक	आ.व. २०७६।७७	आ.व. २०७७।७८	आ.व. २०७८।७९	आ.व. २०७९।८०	आ.व. २०८०।८१
१	महालेखाको प्रतिवेदन(प्रतिशत)	०.४३	४.६०	०.२६	०(शुन्य) ५ पालिका मध्ये एक	०(शुन्य) देश भरीमा एकमात्र पालिका
२	वित्तीय जोखिम मूल्याङ्कन(FRA)			८१.५	७९.५	७७.५
३	वित्त आयोग कार्यसम्पादन मूल्याङ्कन		६६.६८	४६	५८.२२	७४.१२
४	संस्थागत स्वःमूल्याङ्कन(LISA)	४०	५४.५	५८.२५	६०.५	६६.५

9/23/2025
Mahabharat Rural Municipality, Kavre

गत आर्थिक वर्ष २०८१/८२ को वित्तीय प्रगति विवरण

सि.नं .	शीर्षक	विनियोजन(रु)	खर्च(रु)	प्रगति(%)
१	कूल विनियोजन र खर्च	५७,३९,१३,६१७	४३,३८,६७८।३८	७५.५९
२	कूल चालु विनियोजन र खर्च	३४,१०,१०,६१७	२७,१३,५९,५३१।४९	७९.५८
३	कूल पूँजीगत विनियोजन र खर्च	२३,२९,०३,०००	१६,२५,०८,३०८।६८	६९.७८

9/23/2025
Mahabharat Rural Municipality, Kavre

गत आर्थिक वर्षको विषयगत खर्च प्रगति विवरण

सि.नं.	विषयगत क्षेत्र	विनियोजन बजेट रु	खर्च रु	खर्च प्रतिशत
१	आर्थिक विकास	३३,५७,८०,०००	२४,००,५५,९८०	७१.४८
२	सामाजिक विकास	२६,१२,०१,०५०	२२,०७,९७,७४५	८४.५३
३	पूर्वाधार विकास	१५,९४,७८,०००	१०,२४,७८,२०१	६४.६२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१३,३२,४०,०००	११,१७,५८,२१०	८३.८८
५.	कार्यालय सञ्चालन तथा प्रशासनिक	७६,३३,२५,६७०	४९,१८,८३,३४०	६४.४४

9/23/2025
Mahabharat Rural Municipality, Kavre

गत आर्थिक वर्षमा सभा, कार्यपालिका तथा विषयगत समिति बैठकहरु

सि.नं.	विवरण	बैठक संख्या	कैफियत
१	गाउँ सभा	२	हिउँदे तथा वर्षे अधिवेशन
२	कार्यपालिका	२०	
३	स्रोत अनुमान तथा सीमा निर्धारण समिति	२	
४	स्थानीय राजश्व परामर्श समिति	२	
५	पूर्वाधार विकास समिति	२	
६	सामाजिक विकास समिति	२	
७	आर्थिक विकास समिति	२	
८	वातावरण तथा विपद व्यवस्थापन समिति	८	
९	संस्थागत तथा सुशासन विकास समिति	२	
१०	योजना तथा अनुगमन समिति	१०	
११	कर्मचारी स्टाफ बैठक	२१	

9/23/2025
Mahabharat Rural Municipality, Kavre

विषय क्षेत्रगत असल अभ्यास

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

- हालसम्म ९ वटा ऐन, ३ वटा नियमावली, ३१ कार्यविधि, ४ वटा निर्देशिका, १ वटा मापदण्ड १ वटा आचारसंहिता गरी कूल ४९ वटा कानून निर्माण भएको (https://mahabharatmun.gov.np/act-law-directives)
- गत आर्थिक वर्षमा २ वटा ऐन र ३ वटा कार्यविधि निर्माण गरिएको (https://mahabharatmun.gov.np/act-law-directives)
- आवधिक योजना(२०८२/८३-२०८६/८७) र मध्यमकालीन खर्च संरचना(२०८२/८३-२०८४/८५) तर्जुमा तथा कार्यान्वयन (https://mahabharatmun.gov.np/plan-project)
- कानूनले तोकिएको समय सीमाभित्र नीति तथा कार्यक्रम र बजेट पेश र पारित गरिएको (https://mahabharatmun.gov.np/budget-program)
- कार्यालय परिसरमा CCTV र नेपाल टेलिकम तथा सजिलो फाइबर इन्टरनेट जडान तथा सेवामा सरलीकरण(पालिका/ वडा कार्यालय/ स्वास्थ्य संस्था/ सवै विद्यालय)
- भूक्तानीमा EFT प्रणाली तथा PAMS Version 2 को कार्यान्वयन
- कार्यालयको विन्यास व्यवस्थापन, First come first service system , सोधपुछ तथा नागरिक सहायता कक्षको व्यवस्थापन
- आन्तरिक आय वृद्धि गर्न खोला क्षेत्रको IEE गरिएको

9/23/2025
Mahabharat Rural Municipality, Kavre

विषय क्षेत्रगत असल अभ्यास...

आर्थिक विकास

- "जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु २० को नोट" कार्यक्रम अन्तर्गत ३९,९०० कफीको विरुवा वितरण गर्नुका साथै रु ७ लाख ९८ हजार अनुदान वितरण गरिएको(७ वटा वडामा)
- महाभारत गाउँपालिकाको वडा नं २, ३, ४, ५ र ६ लाई कफी पकेट क्षेत्रको रुपमा विकास गर्न १ लाख २५ हजार कफीको विरुवा लागत साझेदारी मोडेलमा वितरण गरिएको
- कृषि बालीको उत्पादन वृद्धि गर्न २६५ माटोको नमूना परीक्षण गरिएको
- गाउँपालिकाको लागत साझेदारीमा ६ स्थानमा १ लाख ६१ हजार विरुवा उत्पादन क्षमतासहितको कफी नर्सरी स्थापना गरिएको
- सामुदायिक छाडा कुकुर बन्ध्याकरण अन्तर्गत १०० वटा कुकुरको बन्ध्याकरण गरिएको
- पशुपन्छी रोग नियन्त्रण गर्न ५ वटा सेवा केन्द्र मार्फत् निःशुल्क औषधि वितरण गरिएको
- कृषकहरुका लागि व्यावहारिक बाख्रा पालन प्रविधि पुस्तिका-२०८२ प्रकाशन(https://mahabharatmun.gov.np/news-notices)
- रोजगार रणनीति,२०८२ तर्जुमा तथा कार्यान्वयन
- श्रम संसार पोर्टल सञ्चालन

9/23/2025
Mahabharat Rural Municipality, Kavre

विषय क्षेत्रगत असल अभ्यास...

सामाजिक विकास

- **एक घर एक धारा अभियान अन्तर्गत बृहत् खानेपानी आयोजना तर्जुमा र कार्यान्वयन(काभ्राखोल्सी आयोजनाबाट २ विद्यालय सहित ३५२ धारा र आहाले बासपुर आयोजनाबाट २ विद्यालयसहित १०३ धारा सहित जम्मा ४५५ वटा धारा जडान गरिएको)**
- **अनिवार्य तथा निःशुल्क शिक्षा लागू पालिका घोषणा(२०८२।०२।३०) र कार्यान्वयन**
- **निःशुल्क माध्यमिक शिक्षा(कक्षा ९-१२)को व्यवस्था लागू गरिएको**
- **परामर्श सहायता नलिइ स्थानीय शिक्षा योजना(२०८२-९१) तर्जुमा गरिएको(https://mahabharatmun.gov.np/plan-project)**
- **स्थानीय पाठ्यसामग्री निर्माण तथा छपाइ र वितरण (कक्षा १-५) तथा विद्यालयमा निःशुल्क पालिकास्तरीय परीक्षा व्यवस्थापन**
- **वार्षिक शैक्षिक बुलेटिन २०८२ प्रकाशन(https://mahabharatmun.gov.np/news-notices)**
- **पूर्ण खोप तथा दिगोपना सुनिश्चतता घोषणा गरिएको र प्रदेश सरकारको समन्वय र साझेदारीमा १६०० भन्दा बढी नागरिकका लागि बृहत् स्वास्थ्य शिविर सञ्चालन गरिएको**
- **"महाभारत बन्दैछ, बा आमालाई सन्चै छ" अभियान अन्तर्गत टोलबस्तीमा घुम्ती स्वास्थ्य परीक्षण मार्फत् बृद्ध बा आमाको स्वास्थ्य परीक्षण तथा नसर्ने रोगको निःशुल्क औषधि वितरण गरिएको**
- गाउँपालिकाको स्वास्थ्य आकस्मिकता योजना, २०८१ (Local Level Health Contingency Plan-2081) तर्जुमा र कार्यान्वयन(https://mahabharatmun.gov.np/plan-project)
- **बाल विवाह अन्त्य तथा महिला हिंसा न्यूनीकरणका लागि १७ वटा विद्यालयको सहभागीतामा ३ वटा क्लष्टरमा माध्यमिक तथा आधारभूत तहस्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको**

9/23/2025
Mahabharat Rural Municipality, Kavre

विषय क्षेत्रगत असल अभ्यास...

पूर्वाधार विकास

- नयाँ प्रशासकीय भवन निर्माण(४ तले) सम्पन्न गरी सेवा प्रवाहको प्रबन्ध गरिएको
- बहुवर्षीय सडक आयोजनाहरुको तर्जुमा तथा कार्यान्वयन
- शिक्षा(विद्यालय भवन) तथा स्वास्थ्य(बर्थिङ सेन्टर र स्वास्थ्य चौकी भवन) लगायतको सामाजिक पूर्वाधारमा विशेष जोड दिने गरिएको
- राजमार्गसँग पालिका जोड्ने र पालिकाबाट वडा कार्यालय जोड्ने सडक आयोजनालाई प्राथमिकता दिने गरेको
- सडकको नयाँ ट्र्याक खन्ने कार्यलाई न्यूनिकरण गर्दै लगिएको
- गाउँपालिका क्षेत्रभित्र संघ, प्रदेश र स्थानीय सरकारको सहयोग र साझेदारीमा हालसम्म कालोपत्र र ढलान सहित ८ कि.मी. भन्दा बढी पक्की सडक निर्माण भएको
- सडक यातायात गुरु योजना तर्जुमा गरिएको
- स्थानीय पूर्वाधार विकास गर्न सम्भावित आयोजनाको DPR तयार गरिएको

9/23/2025
Mahabharat Rural Municipality, Kavre

विषय क्षेत्रगत असल अभ्यास...

वन, वातावरण तथा विपद् व्यवस्थपान

- **वन तथा वातावरण संरक्षण गर्न सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई नीतिगत रुपमा निरुत्साहित गरिएको**
- **विपद व्यवस्थापन पूर्व तयारी अन्तर्गत मनसुनजन्य सूचना तथा जानकारी संप्रेषण गरिएको**
- **स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रका लागि आवश्यक न्यूनतम सामग्रीहरुको पर्याप्त मौज्दात तयारी अवस्थामा राखिएको(लाइफ ज्याकेट, बुट, ह्याट, पिक, साबेल, त्रिपाल, डोरी, टर्चलाइट, म्याट, कम्बल, खाद्यान्न, प्राथमिक उपचार बक्स, स्ट्रेचर,एम्बुलेन्स)**
- **इलाका प्रहरी कार्यालय देविटार, गोकुले र प्रहरी चौकी फोक्सिङ्टारलाई विपद प्रतिकार्यका न्यूनतम सामग्रीहरु वितरण गरिएको(लाइफ ज्याकेट, बुट, ह्याट, पिक, साबेल, टर्चलाइट,डोरी)**
- **विपद व्यवस्थापन कोषमा पर्याप्त रकम मौज्दात राखिएको ।**

9/23/2025
Mahabharat Rural Municipality, Kavre

कार्यक्रम तथा आयोजना कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरु

- संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाँड शतप्रतिशत प्राप्त हुन नसकेको
- संघीय सरकारबाट प्रदान हुने अनुदानमा समानीकरण अनुदान भन्दा सशर्त अनुदानको मात्रा बढ्दै जाँदा स्थानीय सरकारका प्राथमिकताहरु प्रभावित भएको
- निर्माण व्यवसायीहरुले तोकिएको समय सीमाभित्र कार्यसम्पादन नगर्दा आयोजनाहरु प्रभावित भएको
- स्वीकृत संगठन संरचना र दरबन्दी अनुरुप कर्मचारी पदपूर्ति हुन नसकेको
- विकट तथा दुर्गम भूगोलका कारण कर्मचारीहरुलाई टिकाउन कठिन भएको (नामै काफी छ महाभारत)
- कर्मचारीहरुको मनोबल उच्च बनाउन थप सेवा सुविधा र प्रोत्साहनको अभाव रहेको
- पालिकाको आन्तरिक आय वृद्धि गर्न सम्भावित आम्दानीको स्रोत पहिचान र परिचालन गर्न नसकेको
- स्रोत साधनको सीमितताका कारण विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य सेवा र समतामूलक ,सीपयुक्त दक्ष शैक्षिक जनशक्ति उत्पादन गर्न नसकेको
- जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि आवधिक र सामयिक क्षमता विकासका कार्यक्रमको अभाव रहेको
- विपद सचेतना र प्रकोप तथा विपद पूर्व सूचना प्रणालीको अभाव रहेको

9/23/2025
Mahabharat Rural Municipality, Kavre

महाभारतका विभिन्न दस्तावेजहरु

9/23/2025
Mahabharat Rural Municipality, Kavre

आयोजना तथा कार्यक्रमका गतिविधिहरु

9/23/2025
Mahabharat Rural Municipality, Kavre

कफी पकेट क्षेत्रका गतिविधिहरु

9/23/2025
Mahabharat Rural Municipality, Kavre

कफी पकेट क्षेत्रका गतिविधिहरु

9/23/2025
Mahabharat Rural Municipality, Kavre

शैक्षिक गतिविधि

9/23/2025
Mahabharat Rural Municipality, Kavre

जनप्रतिनिधि तथा कर्मचारीहरु र हाम्रो भूगोल

9/23/2025

Mahabharat Rural Municipality, Kavre

तस्विरमा महाभारत

Mahabharat Rural Municipality, Kavre

मुख्य बुँदाहरु (Outlines)

- पुर्बाधार विकास आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति विवरण
- सम्पादित मुख्य मुख्य कामहरु
- प्रमुख आयोजनाहरुको विवरण
- उपक्षेत्रगत प्रगति विवरण
- चुनौतिहरु तथा सिकाई सुझावहरु
- फोटोग्राफ

भौतिक प्रगति (संख्याको आधारमा)

क्र.स.	स्रोत	आयोजना संख्या	सम्पन्न	विनियोजित बजेट	खर्च रकम	भौतिक प्रगति	वित्तीय प्रगति
१	वडा स्तरीय	202	182	51,353,000	45,044,079	90.1%	87.7%
२	पालिका स्तरीय	15	14	25,900,000	15,175,853	93.3%	58.6%
३	प्रदेश बिशेष	1	1	6,600,000	5,614,520	100.0%	85.1%
४	प्रदेश समुरक	2	1	40,000,000	21,330,205	50.0%	53.3%
५	प्रदेश सशर्त	4	4	10,500,000	10,289,810	100.0%	98.0%
६	संघ बिशेष	1	1	14,000,000	10,043,452	100.0%	71.7%
७	संघ समपुरक	2	1	60,000,000	47,521,034	50.0%	79.2%
८	संघ सशर्त	1	1	2,700,000	2,404,842	100.0%	89.1%
९	झो.पु. क्षेत्रगत कार्यक्रम	1	1	3,100,000	3,100,000	100.0%	100.0%
१०	सडक ममर्त आयोजनाहरु	11	10	4,100,000	3,702,982	90.9%	90.3%
	जम्मा	240	216	218,253,000	164,226,776	90.0%	75.2%

उपक्षेत्रको आधारमा प्रगति विवरण

क्र.स.	उपक्षेत्र	आयोजना संख्या	सम्पन्न	विनियोजित बजेट रु.	खर्च रकम रु.
१	यातयात पूर्वाधार	109	99	142,900,000	107,722,279
२	खानेपानी तथा सरसफाई	34	25	27,600,000	20,727,607
३	सम्पदा पूर्वाधार	34	33	11,178,000	10,201,272
४	भवन, आवास तथा सहरी विकास	28	26	22,525,000	12,249,091
५	जलश्रोत तथा सिंचाई	22	21	9,150,000	8,908,863
६	विपद व्यवस्थापन	5	5	850,000	842,913
७	पुननिर्माण	4	3	900,000	732,890
८	युवा तथा खेलकुद	3	3	450,000	437,020
९	पर्यटन पूर्वाधार	1	1	2,700,000	2,404,842
	जम्मा	२४०	२१६	218,253,000	164,226,776

बजेटको सीमाको आधारमा

क्र.स.	बजेटको सीमा	आयोजना संख्या	सम्पन्न	विनियोजित बजेट	खर्च रकम	विनियोजित रकमको %
	५ लाख भन्दा मुनिका	२०३	१८३	४७,५५३,०००	४२,२४७,९७५	२१.८%
	५ लाख देखि २५ लाखसम्मका	२५	२४	२३,८००,०००	२०,९१९,८१६	१०.९%
	२५ लाखदेखि ५० लाखसम्मका	५	४	१५,३००,०००	११,००४,८४२	७.०%
	५० लाखभन्दा माथिका	७	४	१३१,६००,०००	९०,२९०,५२७	६०.३%
	जम्मा	२४०	२१५	२१८,२५३,०००	१६४,४६३,१५९	१००.०%

खरिद विधिको आधारमा





प्रमुख आयोजनाहरु

आयोजनाको नाम	महाभारत गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य
सम्झौता नं	WORKS/MRMO/078-79/01
निर्माण व्यवसायिको नाम	R and CS Builders Pvt. Ltd.
सम्झौता भएको मिति	२०७८।०८।२६
निर्माण सम्पन्न भएको मिति	२०८२।०३।१०
लागत अनुमान	रु. ९,०८,०८,७२१
ठेक्का सम्झौता रकम	रु. ६१०४३०२१
अन्तिम भुक्तानि रकम	रु. ५,६८,७७,७२०
कन्टिन्जेन्सी / सहित जम्मा खर्च	रु. ५,८४,९४,००० (संघ ५६%, गाउँपालिका ४४%)
प्लिन्थ एरिया	४४५.५३ बर्गमिटर
तला संख्या	४
कोठा संख्या	३६ (कोठा २८, स्टोर ५, हल ३)

प्रमुख आयोजनाहरु

आयोजनाको नाम	**तिनखुट्टे सरदुङ बुढाखानी सडक निर्माण तथा स्तरोन्नती कार्य**
सम्झौता नं	WORKS/MRMO/079-80/7
निर्माण व्यवसायि	Brother / S.N - JV.
सम्झौता मिति	२०८०।०२।३१
निर्माण सम्पन्न मिति	२०८२।०२।२८
लागत अनुमान	रु. ९,११,५५,८८३
ठेक्का सम्झौता रकम	रु. ७,७०,१८,३७७
अन्तिम भुक्तानि रकम	रु. ७,८७,३१,०५२ (भेरिएसन सहित)
प्रमुख संरचनाहरु	ढलान (Rigid pavement) १.३ कि.मि., ग्राभेल/नाली २.३ कि.मि., कल्भर्ट २ वटा, ग्याविन जालि १७६७ घ.मि., मेसिनरी वाल ८०८ घ.मि.

प्रमुख आयोजनाहरु

ढलान गरिएको सरदुङ खण्ड

ढलान कार्यको अनुगमन / चेकजाँच गर्दै

प्रमुख आयोजनाहरु

ग्राभेल गरिएको महादेवटार सर्दुङ खण्ड

प्रमुख आयोजनाहरु

१	आयोजनाको नाम	काभ्राखोल्सी हलिदे खानेपानी आयोजना
२	सम्झौता नं	WORKS/MRMO/079-80/08
३	निर्माण व्यवसायि	डि एस निर्माण सेवा
४	सम्झौता मिति	२०८०।०३।०६
५	निर्माण सम्पन्न मिति	२०८२।०२।२८
६	लागत अनुमान	रु. ३,४६,३५,४५१
७	ठेक्का सम्झौता रकम	रु. ३,४०,२६,९१७
८	भुक्तानि रकम	रु. ३,४९,२२,०३८ (भेरिएसन सहित)
९	प्रमुख संरचनाहरु	धारा ३५२, इन्टेक ३ वटा, रिजरभ्वायर टंकि (३० घ.मि.) १ वटा, रिजरभ्वायर टंकि (२० घ.मि.) १ वटा, रिजरभ्वायर टंकि (१० घ.मि.) २ वटा, रिजरभ्वायर टंकि (६ घ.मि.) १ वटा, रिजरभ्वायर टंकि (४ घ.मि.) ३ वटा, पाइपलाईन ३९ कि.मि.

घर्तिछापमा निर्मित ३० घ.मि. टङ्की

प्रमुख आयोजनाहरु

मैनडाडामा निर्मित २० घ.मि. टङ्की

निर्मित ४ घ.मि. टङ्की

प्रमुख आयोजनाहरु

काभ्राखोल्सी हलिदे खानेपानी आयोजनमा निर्मित धाराहरु

मुख्य आयोजनाहरुको प्रगति विवरण

आयोजनाको नाम	आहाले बाँसपुर सिँगरा भन्ज्याङ बनखु सडक, महाभारत ७ (प्रदेश समपूरक अनुदान अन्तर्गत)
लागत अनुमान	२ करोड
सम्झौता रकम	13,106,819
खर्च रकम	13,056,110
मुख्य कार्यहरु	ग्राभेल र नाली १.२ किमि ग्याविन निर्माण
निर्माण कम्पनी	डिसान निर्माण सेवा

मुख्य आयोजनाहरुको प्रगति विवरण

वासपूर खण्डमा सोलिङ कार्य

७ नं वडा कार्यालय नजिक ग्राभेल

वासपूर खण्डमा ग्राभेल

मुख्य आयोजनाहरुको प्रगति विवरण

आयोजनाको नाम	**आहाले वासपूर खानेपानी आयोजना (प्रदेश बिशेष अनुदान)**
लागत अनुमान रकम	६६ लाख
सम्झौता रकम	55,53,604
भुक्तानि रकम	55,16,877
मुख्य संरचनाहरु	इन्टेक २ वटा, DT – २ वटा, टंकी (RVT) ७ वटा, धारा ८६ वटा, पाइपलाइन १२३८५ मि
निर्माण कम्पनी	सिर्जना कन्ट्रक्सन

उपक्षेत्रगत प्रगति विवरण

उपक्षेत्र	विवरण	इकाई	लक्ष्य	२०८२ जेठसम्मको प्रगति
यातायात पुर्वाधार	कच्ची सडक निर्माण	कि.मि	१०	९.४
	सडक मर्मत सम्भार	कि.मि	१६९	१६९
	सडक स्तरोन्नति (सोलिङ, ग्राभेल आदि)	कि.मि	२	१.६
	सडक पक्की नाली	कि.मि	२.१	२.१
	कालोपत्रे सडक / ढलान	कि.मि	१.३	१.४
	कजवे कल्भर्ट	कि.मि	२	२
खानेपानी तथा सरसफाई	धारा निर्माण	वटा		३१८
	टंकी निर्माण	वटा		४
	पाइपलाइन	कि.मि.		३५
सिंचाइ	सिँचाई कुलो निर्माण	कि.मि.	१.१४	१.१४
	पाइप सिँचाई	कि.मि.	५.२	५.२
भवन	गाउँपालिका प्रशासकीय भवन	वटा	१	१

गाउँपालिकाको बिशेष पहलमा निर्माणाधीन अन्य गौरवका आयोजनाहरु

वि.पि. राजमार्गबाट महाभारत खानिखोला हुँदै मदन भण्डारी राजमार्ग जोड्ने जनमुक्ति मार्ग

सडक खण्ड	स्थल		सम्बन्धित निकाय
रजवास तिनखुट्टे सडक खण्ड	महाभारत ४,५	१७ कि.मि.	IDO, Kavre
तिनखुट्टे देविटार खण्ड	महाभारत ३, ५, ६	८ कि.मि.	IDO, Kavre
देविटार घर्तिछाप गोकुले खण्ड	महाभारत ८, १	९ कि.मि.	IDO, Kavre
गोकुले धाप छोटेसहान खण्ड	महाभारत १	७ कि.मि.	DOR Bhaktapur
मोटरेवल पुल ३ वटा	तिनखुट्टे र बनखु		IDO, Kavre/TID

कार्यान्वयनका प्रमुख समस्या / चुनौतिहरु

- उपभोक्ता समितिबाट समयमै गठन हुन नसकी निर्माण कार्य सुचारु हुन ढिलाई हुने।
- अन्तिम त्रैमासिकमा एकैचोटि धेरै आयोजनाहरु सञ्चालन हुन जाने हुँदा सबै आयोजनामा अनुगमन गर्न कठिनाइ हुने ।
- असोजको प्राकृतिक प्रकोपले आयोजना कार्यान्वयनमा केही ढिलाई भएको।

फोटोग्राफ

महादेवटार सर्दुङ सडकखण्डमा निर्मित सडक

फोटोग्राफ

संघीय सशर्त अनुदान अन्तर्गत महादेवटार सर्दुङ सडकखण्डमा निर्मित सडक

फोटोग्राफ

संघीय सशर्त अनुदान अन्तर्गत महादेवटार सर्दुङ सडकखण्डमा निर्मित सडक

फोटोग्राफ

तिनखुट्टे सर्दुङ बुढाखानी सडकको गाउँपालिका अध्यक्षज्यु, प्र.प्र.अ. लगायतबाट अनुगमन हुँदै

फोटोग्राफ

प्रदेश समपुरक अनुदानअन्तर्गत निर्माणाधिन मेलुङ ठाडे फोक्सिङ्टार सडक

फोटोग्राफ

प्रदेश समपुरक अनुदानअन्तर्गत निर्माणाधिन आहाले बासपुर सिङ्गरा भन्ज्याङ बनखू सडक

फोटोग्राफ

गाउँपालिकाको प्रशासकीय भवन

फोटोग्राफ

प्रदेश बिशेष अनुदान अन्तर्गत निर्माणाधीन आहाले वासपुर उतिसघारी खानेपानी आयोजना

फोटोग्राफ

प्रदेश सशर्त अनुदान अन्तर्गत निर्मित महाददेवटार सिँचाई निर्माण आयोजना

फोटोग्राफ

संघीय सशर्त अनुदान अन्तर्गत निर्माणाधीन सल्लेनी हजार सिँढी निर्माण आयोजना

फोटोग्राफ

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अनतर्गत चालु आ.व.मा सम्पन्न भएका नमटार देउराली झो.पु. र फोक्सिङ्टार ख्यापुवा जोड्ने बनखुखोला झो.पु.

फोटोग्राफ

घर्तिछापमा निर्माणाधिन १० शैयाको आधारभुत अस्पता भवन

शिक्षण संस्थाहरूको संख्यात्मक विवरण

क्र.स.	विवरण	संख्या	कैफियत
१	सामुदायिक विद्यालय जम्मा	४८	
क.	बाल विकास	३९	
ख.	सामुदायिक विद्यालय (आधारभूत तह १-५ मात्र)	३१	
ग.	सामुदायिक विद्यालय (आधारभुत तह १-८ मात्र)	९	
घ.	सामुदायिक विद्यालय (माध्यमिक तह १-१० मात्र)	४	
ङ.	सामुदायिक विद्यालय (माध्यमिक तह १-१२ मात्र)	४	
२	संस्थागत विद्यालय	०	
३	सामुदायिक सिकाई केन्द्र	३	
४	क्याम्पस	०	
५	प्राविधिक धार संचालित विद्यालय	१	

शिक्षक विवरण

प्राथमिक तह			निम्नमाध्यमिक तह			माध्यमिक तह			साविक उच्च माध्यमिक तह (कक्षा ११-१२)		
स्वीकृत दरवन्दी	राहत अनुदान दरवन्दी	जम्मा	स्वीकृत दरवन्दी	राहत अनुदान दरवन्दी	जम्मा	स्वीकृत दरवन्दी	राहत अनुदान दरवन्दी	जम्मा	स्वीकृत दरवन्दी	राहत अनुदान दरवन्दी	जम्मा
१२७	३१	१५८	४	२१	२५	३	६	९	०	३	३

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण (शैक्षिक सत्र २०८१ चैत्र)

विद्यालयको प्रकार	संख्या		विद्यार्थि संख्या		
	सामुदायिक	संस्थागत	छात्र	छात्रा	जम्मा
प्रा.वि. (कक्षा १-५)	३१	०	४९८	५१०	१००८
आधारभुत (कक्षा १-८)	९	०	४५४	५०२	९५६
माध्यमिक (कक्षा १-१२)	८	०	११४४	१२३१	२३७५
वालकक्षा	३९	०	२२८	२०७	४३५

विनियोजन र खर्चे प्रगती विवरण

आर्थिक बर्ष २०८१/८२ शिक्षाको बजेट कार्यक्रम

सि.नं.	बजेट कार्यक्रम	विनियोजित कुल रकम (रु हजारमा)	खर्च भएको रकम (रु हजारमा)	वित्तिय प्रगती (% मा)
१	संघ शशर्त बजेट	१५१३३५	१३७७५५	९१.०३
२	प्रदेश सरकार	२८१२	२८१२	१००
३	स्थानीय निशर्त	२०१००	१५९८४	७९.५२

प्रगति विवरण

- गाउँपालिकास्तरीय परीक्षा (कक्षा ८) संचालनका लागि प्रश्नपत्र निर्माण कार्यशाला (सहभागी १७ जना)
- गाउँपालिका स्तरीय प्र अ बैठक संचालन (४ वटा)
- शिक्षक पदपुर्ति
- गाउँपालिकास्तरीय आधारभूत तह (कक्षा ८) को परीक्षा संचालन तथा व्यवस्थापन (४०० जना विद्यार्थी सहभागी)
- गाउँशिक्षा समितिको बैठक आयोजना (८ वटा)
- स्थायी नियुक्ति लिई आएका १९ जना शिक्षकहरुलाई यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा पदस्थापन
- विद्यालयको व्यवस्थापन समितिको लागि सदस्य मनोनित (४२ वटा विद्यालयको)
- वडा शिक्षा समितिको सदस्य मनोनित गरिएको (८ वटै वडा)

क्रमशः

- २०८२ सालको वार्षिक क्यालेन्डर निर्माण (१००० प्रति छापेर ४९ वटै विद्यालयमा वितरण)
- अनिवार्य तथा निशुल्क शिक्षा घोषणा कार्यक्रमका लागी सर्वेक्षण फारम संकलन तथा सो कार्यमा आवश्यक सहजीकरण
- विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन (५८ जना)
- विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन (५६ जना)
- विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुको संचित विरामी विदा प्रमाणित (५२ जना)
- स्थानीय शिक्षा योजना मस्यौदा निर्माण कार्यदललाई जिम्मेवारी बाँडफाँड
- शिक्षकलाई सरुवा सहमति प्रदान (२० भन्दा बढि)
- विद्यालयको नियमित अनुगमन तथा सुपरीवेक्षण (प्रत्येक महिना)

अनिवार्य तथा निशुल्क शिक्षा घोषणा कार्यक्रमका लागि अभिमुखिकरण कार्यक्रम

उपाध्यक्षकप खेलकुद प्रतियोगिता सम्पन्न

"आधारभूत तह कक्षा (१-८) स्तरीय उपाध्यक्षकप खेलकुद प्रतियोगिता" मिति २०८१।११।१३ देखि १५ गते सम्म संचालन

सबै वडाहरुलाई (१ देखि ८) अनिवार्य तथा निशुल्क शिक्षा लागु भएको वडा घोषणा कार्यक्रम मिति २०८२।०२।०६ देखि १३ सम्म

स्थानीय शिक्षा योजना निर्माणका लागी राय सुझाव संकलन कार्यशाला

सूचना तथा संचार प्रविधि सम्बन्धी ५ दिवशिय तालिम

प्रारम्भिक बालविकास सहजकर्ताको ५ दिवशिय क्षमता विकास तालिम

खोप सेवा

- १८ वटा खोप केन्द्रबाट बालबालिकाको लागि खोप सेवा र गर्भवती महिला तथा प्रजनन् उमेरका महिलाको लागि बाढी पहिरोको बेला समेत निरन्तर खोप सेवाको उपलब्धता साथै पालिका स्तरिय समिक्षा, पुर्ण खोप सुनिश्चतताको लागि घरधुरी सर्वेक्षण, वडा तथा पालिका पुर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा समयमानै सम्पन्न गरियो ।
- (BCG-75%, DPT3rd-94%, JE-110%, MR2nd-104%, TD TD2+ -70%)
- HPV – 96%

एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन

- सबै स्वास्थ्य संथाहरूमा नवजात शिशुहरुको र दुई महिना देखि पाँच वर्षसम्मका बालबालिकाको स्याहार तथा उपचार प्रचलित पद्धति अनुसार आधारभूत सेवाको उपलब्धता | (IMNCI protocol) सबै बालबालिकाहरुमा पुर्ण रुपमा औषधिहरुबाट उपचार गरिएको

पोषण सेवा

समयमा नै समिक्षा तथा कार्ययोजना तयारी भएको, सबै स्वास्थ्य संस्थाहरुमा पोषण परामर्श वृद्धि अनुगमन र बि.एम.आई जांच सेवा प्रवाह भएको, कुपोषणको निदान तथा प्रेषण सेवाको उपलब्धता गराइएको, गोकुले, घर्तिछाप,बनखुचौर,फोक्सिङटार स्वास्थ्य संस्थाहरुबाट कडा कुपोषणको व्यवस्थापन सेवाको उपलब्धताको व्यवस्थापन भएको, गोकुले स्वास्थ्य चौकी पोषणमैत्री संस्था घोषणा गरि सेवा उपलब्धता गरिएको छ।

- ०-११ महिना भित्रमा संस्थामा तौल लिन गएको प्रगती ८८%
- ०-२३ महिना सम्ममा संस्थामा तौल लिन गएको सरदर बच्चाहरुको सख्या १५ पटक सम्म
- ६ महिना सम्म आमाको दुध मात्र खुवाएर समयमा नै थप आहार खुवाउने ८९%
- १३ हप्ता सम्म आइरन खाने किशोरी ९१% र २६ हप्ता सम्म खाने ८६%
- ६-५९ महिना सम्मको बालबालिकाहरुमा १०० % भिटामिन ए खुवाएको र १२-५९ महिना सम्मको बालबालिकामा ९६% जुकाको औषधि खुवाएको
- ५९ महिना सम्मको बालबालिकाहरुमा कुपेफषणको कारण मृत्यु नभएको

सुनौलो हजार दिनका २३० जना आमाहरुलाइ पोषण विशेष अभिमुखीकरण

- गर्भवती तथा सुत्केरी भएको २ वर्ष सम्मका २३० जना आमाहरुलाई पोषण विशेष अभिमुखीकरण कार्यक्रम संचालन गरि स्वस्थ्य तथा असल खानपान जिवनशैली बारे जानकारी गराइएको थियो र उपस्थित बालबालकाहरुको पोषण अवस्था लेखाजोखा समेत गरियो। ७ वटा स्वास्थ्य संस्थाहरुमा पोषण कर्णर र आवश्यक सामाग्री व्यवस्थापन गरियो।
- संस्थागत सुत्केरी महिलाहरुलाई २००० पोषण प्रोत्साहन रकम वितरण
- SAM Case हरुमा उपचारको लागी पोषण खर्च ५००० वितरण

गर्भवती, प्रसव तथा सुत्केरी सेवा

समयमानै समिक्षा तथा कार्ययोजना तयारी भएको, स्वास्थ्यकर्मीहरुको लागी मातृ तथा नवशिशु कार्यक्रममा समन्वय तथा सम्पर्क को लागि मासिक प्रति बर्थिङ २०० रिचार्ज सेवा,गोकुले,घर्तिछाप र फोक्सङटार बाट गर्भवती महिलालाई waiting room को व्यवस्थापन सेवा ,संस्थागत सुत्केरी गराउन गर्भवती महिलालाई संस्थामा पुर्याए बापत म.स्वा.स्व.से. लाई ५०० प्रोत्साहन सेवा

- पहिलो पटक गर्भवती जचाँउन संस्थामा आएको ९५ %
- चार पटक नै संस्थामा प्रोटोकल अनुसार जचाएको ७५ %
- संस्थामा सुत्केरी भएको ५३ %
- प्रोटोकल अनुसार ४ पटक सुत्केरी जाँच गर्ने ६५
- शिशु मृत्युदु २ जना
- गाउँपालिका बाट संस्थागत सुत्केरी भए बापत पोषण खर्च बुझिलिएको ११२ जना
- नि शुल्क एम्बुलेन्स सेवा लिएको ३२ जना
- निशुल्क गर्भवती भिडियो एक्सरे सेवा १६० जना

क्षयरोग कार्यक्रम

बार्षिक समिक्षा तथा अर्धबार्षिक समिक्षा कार्यक्रम, Digital X-ray machine द्धारा समुदायमा लुकेर रहेको क्षयरोग बिरामीहरुको सक्रिय खोजपड्ताल कार्यक्रमहरु समयमानै संचालन भएको थियो

- क्षयरोगी बिरामी पहिचान १३४% भएको , पहिचान भएको बिरामीकोहरुको ९३% उपचार सफल भएको , ४ स्थानमा शिविर संचालनमा ४११ जनालाई सेवा दिएकोमा ९ जना क्षयरोगी पहिचानमा सफल भएको

क्षयरोग दिवसमा जनचेतनामुलक कार्यक्रम सचालन साथै क्षयरोग बिरामी पहिचान तथा उपचारमा बागमती प्रदेशका स्थानियतहरुमध्ये महाभारत गाउँपालिकाले गरेको सफलता उच्च रहकोले सम्मान पत्र प्रदान गरिएको

7

एकिकृत जनस्वास्थ्य अभियान

- जम्मा सेवा सचालन भएको स्थान २
- जम्मा सेवाग्राहीको संख्या १६५१ जना
- जम्मा विशेषज्ञ जाँच सेवा ओ.पि.डि सेवा ४३६ जना
- नाक काँन घाँटी सेवा १२९ जना
- छातीको एड्कसरे सेवा १८३ जना गरिएकोमा ६ जना क्षयरोगी बिरामी पहिचान तथा उपचार गरिएको
- स्त्री तथा प्रसुती र प्रजनन् स्वास्थ्य सेवा २८३ जना
- दन्त सेवा ९९ जना
- पाठेघर मुखको क्यान्सर हुन बाट बचाउन पाठेघर सक्रमण भएको १२ जना महिलालाई Thermocoagulation बिधि बाट उपचार
- परिवार नियोजनमा पुरुष बन्ध्याकरण सेवा २ जना
- भिडियो एक्सरे सेवा ८३ जना
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा १०७ जना
- अपाङ्गता परिचयपत्रको लागी शारिरिक चेकजाँच सेवा ७ जना

नि:शुल्क आँखा जाँच तथा मोतियाविन्दुको शल्यक्रिया

- जम्मा सेवा सचालन स्थान ६ वटा वडामा संचालन भएको
- जम्मा सेवाग्राही संख्या १२६८ जना
- मोतियाविन्दुको समस्या भएको १२६ जना
- जम्मा शल्यक्रिया भएको आँखा १०० वटा
- बाकी शारिरिक समस्या भएर अस्पताल प्रेषण गरिएको

महाभारत बन्दै छ , बा आमालाई सन्चै छ ?

10

महाभारत गाउँपालिकामा कृषि संग सम्बन्धित कृषक सममूह कृर्षि फर्म तथा सहकारीहरुः

- कृषि तथा पशुपन्छि समूहहरुः २६
- कृषि फर्महरुः १०
- सहकारीहरुः ४३
- आ व २०८१।०८२ मा अनुदान प्राप्त कृषि तथा पशुपन्छि समूह कृषि फर्म तथा सहकारीहरुको विवरणः
- कृषि तथा पशुपन्छि समूहहरुः १०
- कृषि फर्महरुः ६
- सहकारीहरुः ४

आ.व.२०८१।०८२ कार्यक्रम तथा आयोजनागत प्रगति विवरण

क्र.स	कार्यक्रम शिर्षक	बजेट रु	अनुदान खर्च रकम तथा वित्तिय प्रगती	कैफियत
१	प्लाष्टिक पोखरी निर्माणका लागि प्लाष्टिक वितरण (५०% अनुदान)	१०००००	स्थानीय १०००००	कार्यक्रम सम्पन्न भइसकेको ।
२	मागको आधारमा वडा स्तरिय कार्यक्रम (तालिम कार्यक्रम)	२०००००	स्थानीय १८००००	कार्यक्रम सम्पन्न भइसकेको ।
३	प्लाष्टिक पोखरी निर्माणका लागि प्लाष्टिक वितरण (५०% अनुदान)	१०००००	स्थानीय ९८०००	कार्यक्रम सम्पन्न भइसकेको ।
४	हानिकारक रोग किरा नियान्त्रण कार्यक्रम शत प्रतिशत अनुदान	१०००००	स्थानीय ९८०००	कार्यक्रम सम्पन्न भइसकेको
५	यान्त्रिकरण वितरण कार्यक्रम (५०% अनुदान)	३०००००	स्थानीय ३०००००	कार्यक्रम सम्पन्न भइसकेको ।
६	कफि प्रवर्द्धन कार्यक्रम	५०००००	प्रदेश शसर्त ४८८०००	कार्यक्रम सम्पन्न भइसकेको

७	जसले रोप्छ कफीको बोट उसले पाउँछ रु बीसको नोट कार्यक्रम	२००००००	स्थानीय खर्च रु २००००००	कार्यक्रम सम्पन्न भइसकेको
८	घुम्ती माटो परिक्षण कार्यक्रम	१०००००	स्थानीय ७२०००	कार्यक्रम सम्पन्न भइसकेको
९	फलफूल विरूवा वितरण कार्यक्रम (८०% अनुदान)	३०००००	स्थानीय २९००००	कार्यक्रम सम्पन्न भइसकेको
१०	कृषि सम्बन्धि दिवस सञ्चालन	५००००	निशर्त ५००००	५००००
११	तरकारि बिउ वितरण	२०००००	स्थानीय २०००००	कार्यक्रम सम्पन्न भइसकेको
१२	नमुना नर्सरी स्थापन	८०००००	स्थानीय ०	बाँकि
१३	कृषक भ्रमण कार्यक्रम	३०००००	स्थानीय ३०००००	कार्यक्रम सम्पन्न भइसकेको

१४	कृषक समूह स्तरिय दैमासिक गोष्ठि	१०००००	निशर्त	बाँकी
१५	जस्को उत्पादन उसैको अनुदान	१००००००	निशर्त ०	बाँकी
१६	समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कफी खेती	१००००००	निशर्त १००००००	कार्यक्रम सम्पन्न
१७	तथ्याङक संकलन	६५०००	शसर्त ६००००	कार्यक्रम सम्पन्न
१८	एक गाउँ एक कृषि प्राविधिकहरुको लागि तलव भत्ता	८०००००	निशर्त ८०००००	खर्च
	जम्मा रकम	८२१५००० (१००%)	६०३६००० (७३.४७%)	

यस आ.व. सम्पादन गरिएका कार्यक्रमहरुको संक्षिप्त जानकारी

- समुदायमा आधारित एक वडा एक कृषि कफी उत्पादन कार्यक्रम अन्तर्गत ३८ हजार कफी बिरुवा ५ हजार छहारीको बिरुवा १२ थान मिनि टिलर ४ थान कफी पल्पर मेसिन ५० थान ड्रम २ रोपनी क्षेत्रफलमा थोपा सिंचाइ २ रोपनी क्षेत्रफलमा प्लास्टिक मल्चिङ सहित कफी बगैंचा स्थापन १ वटा कफी नर्सरी ३ वटा सिंचाइ पोखरी सहित कार्यक्रम सम्मपन्न ।
- जसले रोप्छ कफीको बोट उसले पाउँछ रु.२० को नोट कार्यक्रम अन्तर्गत महाभारत गाउँपालिका वडा नं ५ बाहेकका ४४३ घरधुरीलाई ३९९०० कफी बिरुवा र प्रति बिरुवा रु २० का दरले ७९८००० नगद अनुदान वितरण गरियो ।
- कफी प्रवर्द्धन कार्यक्रम अन्तर्गत १९८०० कफी बिरुवा ६००० छहारीको बिरुवा १० वटा मिनि टिलर ४ वटा कफी पल्पर मेशिन प्लास्टिक पोखरी र प्लास्टिक टनेल वितरण ।
- यान्त्रिकरण कार्यक्रम अन्तर्गत १२ थान मिनि टिलर ३५ थान प्लास्टिक पोखरी ४० थान प्लास्टक टनेल वितरण
- तरकारी मिनिकिट वितरण फलफूल विरुवा वितरण जैविक तथा रासायनिक विषादी वितरण तालिम संचालन माटो परिक्षण अगुवा कृषक स्तरीय अध्ययन अवलोकन भ्रमण लगाएतका क्रियाकलापहरु गरियो ।

महाभारत गाउँपालिकामा संचालन कफी नर्सरीहरु तथा हालको विवरणहरुः

क्र. स.	साझेदार संथाको नाम	नर्सरी भएको स्थान	बिरुवा संख्या	कैफियत
१.	महाभारत साना किसान कृषि सहकारी संस्था लि	महाभारत ५	७७०००	
२.	महादेव त्रिवेणी कृषक समूह	महाभारत ८	८०००	
३.	लाह्यु महिला बहुउद्देश्यीय सहकारी संस्था लि	महाभारत ३	३००००	
४.	कोलबोट कृषक समूह	महाभारत ८	५०००	
५.	मिलिजुली कृषक समूह	महाभारत ४	१५००	
६.	गाङग्याप तेम्बाथाङ लामा अर्गानिक कृषि फर्म	महाभारत ६	२५०००	
	जम्मा		१४६०००	

धान दिवस संचालन महाभारत गाउँपालिका वडा नम्बर १ धाप

धान दिवस संचालन महाभारत गाउँपालिका वडा नम्बर १ धाप

जसले रोप्छ कफी को बोट उसले पाउँछ रु बीस को नोट कार्यक्रम अन्तर्गत बिरुवा वितरण कार्यक्रम वडा नं. १ र २

जसले रोप्छ कफी को बोट उसले पाउँछ रु बीस को नोट कार्यक्रम अन्तर्गत बिरुवा वितरण कार्यक्रम वडा नं. ३ र ६

जसले रोप्छ कफी को बोट उसले पाउँछ रु बीस को नोट कार्यक्रम अन्तर्गत बिरुवा वितरण कार्यक्रम

खाडल अनुगमन तथा अभिमुखिकरण कार्यक्रम

तालिम तथा यान्त्रिकरण सामाग्री वितरण

तालिम तथा यान्त्रिकरण सामाग्री वितरण

महाभारत गाउँपालिकामा रहेका कफी नर्सरी तथा कफी बगैंचा

महाभारत गाउँपालिकामा रहेका कफी नर्सरी तथा कफी बगैंचा

विभिन्न समाग्री वितरण बिउबिजन बिरुवा तथा तालिम सञ्चालन गर्दै

अध्ययन अवलोकन भ्रमण तथा महाभारत गाउँपालिकामा स्थापना गरिएको कफी नर्सरी

जसले रोप्छ कफी को बोट उसले पाउछ रु बीस को नोट कार्यक्रम अन्तर्गत कफी खाडल अनुगमन १ लाख ३१ हजार बिरुवा माग भएकोमा अनुगमन गर्दा ३९ हजार खाडल खनेको भेटियो

एक वडा एक कृषि उत्पादन कार्यक्रम अन्तर्गत समुदायमा आधारित कफी खेती कार्यक्रम वडा नं.५

sunauloneepal.com

मकै छोडेर कफीखेतीमा महाभारतका किसान, सिँचाइको व्यवस्था गरिदिन माग

एक वडा एक कृषि उत्पादन कार्यक्रम अन्तर्गत समुदायमा आधारित कफी खेती कार्यक्रम वडा नं.५

पशुपंक्षी उपचार सेवा सञ्चालन कार्यक्रमको लागि औषधि खरिद कार्यक्रम

पशुपंक्षी उपचार सेवा सञ्चालन कार्यक्रमको लागि पालिकाबाट रु.६ लाख बजेट विनियोजन गरेको मध्येबाट शतप्रतिशत रकमबाट औषधि खरिद गरि कृषकहरुलाई निःशुल्क वितरण गरिएको थियो । जसमध्ये ५३९ जना सेवाग्राहीले सेवा लिएको र पशु संख्या तपसिल अनुसार छन् :

बाख्रा संख्या-४९३५ वटा ।

गाई संख्या- ५३९ वटा ।

भैंसी संख्या-६८३वटा ।

वँगुर संख्या-६५३ वटा ।

कुखुरा संख्या-५८९९ वटा ।

मेडिकल उपचार सेवा -२१०३ वटा ।

प्राविधिक परामर्श सेवा-७९८ जना ।

१.	कृत्रिम गर्भाधान मिसन कार्यक्रम	१३०	१०० %	
२.	इपिडेमियोलोजिकल रिपोर्टिङ्ग	१२	० %	
३.	उत्पादनमा आधारित दूधमा प्रोत्साहन अनुदान कार्यक्रम	७६४	०%	
४.	एक गाउँ एक प्राविधिक तलब	१०६२	१००%	
५.	पशुपंक्षी उपचार सेवा सञ्चालन कार्यक्रमको लागि औषधि खरिद	६००	१००%	
६.	पशुपंक्षी बीमा कार्यक्रम	२०००	०%	
७.	कृषकस्तरिय प्राविधिक पुस्तिका प्रकाशन तथा वितरण	१००	१००%	
८.	कृषकहरुलाई पालिकास्तरिय कृषक तालिम सञ्चालन	१००	१००%	
९.	दुग्धपदार्थ उत्पादन तथा विविधिकरण कार्यक्रम संचालन	१००	१००%	
१०.	सामुदायिक छाडा कुकुरलाई बन्ध्याकरण कार्यक्रम सञ्चालन	३००	१००%	
११.	अनुगमन तथा विविध(पशु शाखा)	१००	१०० %	

कृषकस्तरिय प्राविधिक पुस्तिका प्रकाशन तथा वितरण

कृषकहरुका लागि व्यवहारिक बाख्रापालन प्रविधि नामक प्राविधिक पुस्तिका प्रकाशन तथा वितरण कार्यक्रम अन्तर्गत रु.१ लाख बजेट विनियोजन गरिएको र शतप्रतिशत रकमबाट १००० वटा पुस्तिका प्रकाशन गरेको र इकाईबाट निःशुल्क वितरण भईरहेको ।

सामुदायिक छाडा कुकुरहरुलाई बन्ध्याकरण कार्यक्रम

समुदायमा भएको सामुदायिक कुकुरहरुलाई बन्ध्याकरण कार्यक्रम संचालन गरिएको थियो । जसमा रु. ३ लाख बजेट विनियोजन गरिएकोमा शतप्रतिशत बजेट बराबर १०० वटा कुकुरहरुलाई बन्ध्याकरण गर्ने लक्ष्य राखिएकोमा शतप्रतिशत नै कार्य गरिएको थियो ।

दुग्धपदार्थ उत्पादन तथा विविधिकरण तालिम कार्यक्रम

यस कार्यालयअन्तर्गत रहेको पशुपंक्षी विकास इकाईबाट दुग्धपदार्थ उत्पादन तथा विविधिकरण तालिम कार्यक्रम सम्पन्न भएको थियो ।जसमा विभिन्न ठाउँको ३२ जना कृषकहरुको प्रत्यक्ष उपस्थिति भएको थियो ।

विभिन्न खोपहरुको विवरण तालिका

पिपिआर खोप प्रदेश सरकारअन्तर्गत रहेको पशु सेवा कार्यालयबाट १० हजार डोज उपलब्ध भएकोमा ९ हजार ८ सय ५० डोज बाख्राहरुलाई लगाएको र लम्पि स्कीन डिजिज खोप ५ सय डोज उपलब्ध भएकोमा ४ सय ८० डोज पशु चौपायाहरुलाई लगाईएको थियो ।

यस कार्यालय अन्तर्गत रहेको पशुपंक्षी विकास इकाईबाटसंचालित पशुपालन व्यवस्थापन तालिम कार्यक्रम सम्पन्न भएको थियो । जसमा विभि[illegible] ३१ जना कृषकहरुको प्रत्यक्ष उपस्थिति भएको थियो ।

कार्यक्रम तथा आयोजानाको समग्र प्रगति विवरण (विनियोजन बजेट, वित्तिय र भौतिक प्रगति विवरण तालिकामा राख्ने)

आयोजना तथा कार्यक्रम	विनियोजित बजेटर (रु.)	खर्च (रु.)	खर्च प्रतिशत	जम्मा सञ्चालित आयोजना (वटा)	सम्पन्न आयोजना (वटा)	रोजगारीमा संलग्न व्यक्तिको संख्या (जना)
रोजगारी सिर्जना नेपाल सरकार	२०२२०००	१७५५७९६	८६.८३%	१४	१४	४८
रोजगारी सिर्जना आई.डि.ए.	२६०००००	२२७१९९८	८८.३६%	२०	१९	६८

रोजगारी सिर्जना अन्तर्गत नेपाल सरकार र आई.डि.ए. मार्फत ३४ वटा आयोजना सञ्चालित भएकोमा ३३ वटा सम्पन्न भएको र सुचिकृत बेरोजगार व्यक्ति ९६२ जनामा रोजगारीमा संलग्न ११६ जना भएको ।

रोजगारीमा खटिनपुर्व अभिमुखिकरण कार्यक्रमः सुचिकृत बेरोजगार लक्षित अभिमुखिकरण कार्यक्रम महाभारत गाउँपालिकाभरिका ४०० व्यक्तिहरुको सहभागीतामा कार्यक्रम सम्पन्न गरीएको ।

कार्यस्थल सुरक्षा सामाग्री वितरणः रोगजगारीमा संलग्न व्यक्तिहरुका लागि कार्यस्थल सुरक्षाका लागि आवश्याक सामाग्रीहरु गम बुट सेफ्टी ज्याकेट हेल्मेट पन्जा ११३ जनालाई ११३ सेट वितरण गरीएको ।

श्रमको सम्मान राष्ट्रको अभियानः महाभारत गाँउपालिकाको प्रत्येक वडामा वडाको जनप्रतिनिधि र सम्पुर्ण वडावासीहरु गरी ४०० जनाको विशेष सहभागितामा कार्यक्रम सम्पन्न ।

कार्यक्रम तथा आयोजनागत प्रगति विवरण (सम्भव भएसम्म कार्यक्रम तथा आयोजनाको प्रगति विवरण सहितका फोटोहरु)

आ.व. २०८१/०८२ मा वडागत सञ्चालित र सम्पन्न आयोजनामा सलग्न सुचिकृत व्यक्तिको विवरण ।

वडाहरु	आयोजना संख्या	सम्पन्न आयोजना संख्या	सुचिकृत बेरोजगार व्यक्ति	रोजगारीमा संलग्न व्यक्ति
१	४	४	१९४	१६
२	५	५	७७	१२
३	३	३	१२८	८
४	३	३	७९	१२
५	५	४	८३	११
६	४	४	२०१	२१
७	८	८	४५	२३
८	२	२	१५५	१३
जम्मा	३४	३३	९६२	११६

गैर बजेटरी कार्य तथा क्रियाकलापहरुः

बैदेशि रोजगार बोर्ड अन्तर्गत तालिम प्रदायक संस्थाहरुबाट महाभारत गाउँपालिकाको समन्वय र रोजगार सेवा केन्द्रको अनुगमनमा निम्न वडामा तपशिल बमोजिमका निशुल्क सिपमुलक तालिम सञ्चालन गरिएको ।

वडा	तालिमको नाम	सहभागी संख्या
१ छोटेसहान धाप	असिस्टेन्ट टायल मार्बल मेसन	२० जना २० जना
३ देउराली	बिल्ड्रिङ इलेक्ट्रीसियन	२० जना
५ गोपे	पेन्टर	२० जना
